राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रीय कार्यालय Central Office
हरिहरभवन,पुल्चोक,ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal
का. मु. सचिव

राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७९/०५/१६ गते बिहिबार बसेको बैठकबाट देहाय बमोजिम हुनेगरी १३ ओटा उजुर उपर निर्णय भयो ।

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | घटना मिति र उजुरी नं. | उजूरीको विषय | आयोगको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | रसुवा जिल्ला भोर्ले गा.वि.स ७ निवासी विष्णुप्रसाद आचार्यलाई मिति २०५९।०५।२२ गते नेकपा माओवादीका कार्यकर्ताले कुटपीट गर्दा देब्रे खुट्टा र दाहिने हात भाची मर्‍यो भनि छोडेर हिडेको लामो समयको उपचार पछि नक्कली खुट्टा हाल्नु परेकाले भन्ने समेत व्यहोराको उजुरी । | २०५९।०५।२२<br>४०६८/७४६ | यातना | प्रस्तुत उजुरीको सम्बन्धमा घटनामा संलग्न दोषी तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरुको पहिचान गरी कानुन बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिस | |
| २ | ललितपुर जिल्लाको नख्खु कारागारमा थुनामा रहेका भक्त बहादुर सुनुवार मिति २०७५/०१/२१ मा अचानक बिरामी भएको खबर पाएको र मिति २०७५/०१/२२ मा निजलाई पाटन अस्पतालमा मृत अवस्थामा भेटेको । निजको मृत्युभन्दा अगाडी जेलभित्रका कियाकलापका सम्बन्धमा लेखेको पत्रबाट नीज कालगतिले मरेको होईन । जेलर र चौकीदारको यातनाका कारण निजको मृत्यु भएको भन्ने समेत व्यहोराको उजुरी । | २०७५।०१।२२<br>६१ | कारागारमा रहेको अवस्थामा मृत्यु यातना | प्रस्तुत उजुरीको सम्बन्धमा कारागारको सुरक्षा प्रबन्ध राम्रो बनाउन र कारागार भित्र गैकानुनी कियाकलाप हुन नदिने व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस | |
| ३ | जिल्ला ताप्लेजुङ फुङलिङ न पा वडा न. ३ पालुङ चोक बस्ने सशस्त्र प्रहरी हवल्दार पदमा कार्यरत भिमसोर मुखियालाई | २०७४।०७।०३<br>५८० | यातना | प्रस्तुत उजुरीको सम्बन्धमा अदालतमा मुद्धा चलि रहेको देखिंदा तामेली राख्ने । | |

का. मु. सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | सोही स्थानमा रहेको अस्थाई प्रहरी चौकीमा कार्यरत नेपाल प्रहरीका असई बम बहादुर खत्रीको टोलीले मिति २०७४/०७/०३ गते बिहान विना कारण कुटपीट गरी आखाँको हडड्डीसमेत भाचिदिएको र टाउको अनुहार लगागत शरिरको विभिन्न भागमा चोटपटक लगाई मरनासन्न हुने गरी घाइते बनाएको भन्ने समेत व्यहोराको उजुरी । | | | | |
| ४ | जिल्ला सुनसरी चिमडी गा.वि.स. वढा न. १ बस्ने कुन्तिदेवी ठाकुरलाई मिति २०७०/०४/२६ गते शनिवार राती ११ बजे छिमेकी वंशराज चौधरी भन्ने मान्छेले, घरमा पसी लगाएको कपडा च्याती जवरजस्ती बलात्कार गर्न खोजेको र गाली गलोज गरी ज्यान मार्ने धम्की समेत दिएको भन्ने समेत व्यहोराको उजुरी । | २०७०/०९/२२<br>३७७ | न्याय सम्बन्धी हक | तामेली | |
| ५ | मोरङ जिल्ला वि.उ.म.न.पा. वडा न. १३ निवासी यशोधा कोईराला अरनिको उच्च माध्यमिक विधालयमा विगत २५ वर्ष देखि अध्यापन गदै आईरहेको अवस्थामा शिक्षकको हकहितको लागी निजले पटक पटक नियुक्ति पत्र माग गर्दा विधालयको प्रिन्सीपल कमला कुँवरले गाली गलौज गर्दे नाटकीय रुपमा अयोग्य भन्दै कक्षा कोठामा जान रोक लगाई भन्ने समेत व्यहोराको उजुरी । | २०७१/११/०३<br>४५९ | रोजगारीको हक | तामेली | |
| ६ | मोरंङ जिल्ला बिराटनगर ४ बस्ने तत्कालिन क्षेत्रिय प्रशासन कार्यालय धनकुटामा शाखा | २०६२/१०/२६ | अपहरण | तामेली | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अधिकृत पदमा कार्यरत फणीन्द्र पोखरेललाई मिति २०६२/१०/२५ गते माओवादीले धनकुटाको विभिन्न सरकारी कार्यालयहरुमा आक्रमण गर्ने क्रममा क्षेत्रिय प्रशासनको क्वाटरमा त्यहाँ रहेका सबैलाई हटाई क्वाटरमा विष्फोट गरे पश्यात निजलाई पनि अपहरण गरी लगेको भन्ने समेत व्यहोराको उजुरी। | ६५४ | | | |
| ७ | मोरंङ जिल्ला बिराटनगर उप महानगरपालिका वडा न. ५ हाल काठमाडौ निवासी खगेश्वर भट्टराई धनकुटा नापी कार्यालयमा कार्यारत रहेको समय मिति २०६२/१०/२५ गते नेकपा माओवादी द्वारा अपहरण गरेको भन्ने समेत व्यहोराको उजुरी। | २०६२/१०/२५<br>६५९ | अपहरण | तामेली | |
| ८ | मोरंङ जिल्ला बिराटनगर उप महानगरपालिका वडा न. १२ हाल बिराटनगर महानगरपालिका वडा न. ९ राम जानकी पथ निवासी बेनी गोपाल राठीले कपडा पसल संचालन गर्दै आएकोमा मिति २०६२ पौष ४ गतेको दिन साझ ६.३० बजे राजा भन्ने उदय बहादुर नकर्मीले ११,१२ जना मानिस साथमा लिई पसलमा आई हुल गरी पसलमा रहेका कपडा तितर वितर गर्नुका साथै जवरजस्ती पसल बाहिर निकाली ४,५ वटा ताल्चाँ लगाई पसल बन्द गरी पसल संचालन गर्न नदिएको भन्ने समेत व्यहोराको उजुरी। | २०६२/०९/०४<br>१९९ | शान्ति सुरक्षा गरी पाउँ | तामेली | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | मिति २०७५/०२/१७ गतेको विभिन्न संचार माध्यम लगायत अन लाईन समाचारमा ईराकबाट फर्किएकी महिला भन्छिन "कालको मुखबाट फर्किए " भन्ने शिर्षकमा संप्रेषीत समाचारको भन्ने समेत व्यहोराको उजुरी । | २०७५/०२/१७<br>५८५ | आप्रवासी कामदार विरुद्धको अधिकार | तामेली | |
| १० | साविक जिल्ला सुनसरी खनार गा.वि.स वडा .न. ५ खनार हाल इटहरी उप महानगरपालिका वडा न १३ खनार वाँतर वस्ती निवासी तुलसी सरदारलाई सरकारले दिने अपाङता भता निजको बावु छेदी सरदारले खोसेर लाने गरेको र नातीको औषधी उपचारमा झनै समस्या रहेको भनि निज तुलसी सरदारको ७० बषीय हजुरआमा कलसी सरदारले दुखेसो गरेको भन्ने समेत व्यहोराको उजुरी । | २०६२/१०/२५<br>४१३ | अपाङता भएका व्यक्तिको अधिकार | तामेली | |
| ११ | साविक जिल्ला सुनसरी ,इटहरी नगरपालिका वडा न. २ हाल इटहरी उप महानगरपालिका निवासी शंकर खत्रीले मिति २०७० साल चैत्र महिनाको दोस्रो हप्तामा आफ्नो मोटरसाईकल दिलाई पाउँ भनि जिल्ला प्रहरी कार्यालय इनरुवा ,सुनसरीमा उजुरी दिएकोमा सो उजुरी उपर छलफलको लागी दुबैपक्षलाई मिति २०७०/१०/३१ गते बोलाईएकोमा,छलफल नै नभई तहाँ कार्यालयमा कार्यरत प्रहरी नायव उपरिक्षक लक्ष्मण गिरीको आदेशले निज शंकर खत्री लगायत विपक्षी विष्णु अधिकारी र भिम बहादुर थापा समेतलाई विनाकारण सोही दिन अन्दाजी | २०७१/१०/३१<br>४०९,४०१ | स्वेछाचारी पकाउ /थुना | तामेली | |

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

| | | | | | |
|---|---|---|---|---|---|
| | ५ देखि राती ८ बजे सम्म हिरासतमा राखीको भन्ने समेत व्यहोराको उजुरी । | | | | |
| १२ | साविक जिल्ला मोरङ बिराटनगर उप महानगरपालिका वडा न. १४ हाल बिराटनगर महानगरपालिक वडा न. ९ बस्ने विष्णु कुमार शाहले जि. मोरङ बिराटनगर ९ स्थित गुदरी बजारको प्लट न ९ को १५० वर्ग फिट जग्गा ब्यापारको लागी टेन्डर मार्फत लिएको तथा उक्त जग्गामा पसल संचालन गर्न भनि स्थानिय कामता प्रसाद शाहलाई भाडामा दिएतापनि जग्गा कब्जा गर्ने उदेश्यले तत्कालिन माओवादी कार्याकर्ताको सहयोगमा निज कामता प्रसाद शाहले जग्गा भोगचलन गर्न नदिएको भन्ने समेत व्यहोराको उजुरी । | २०६४/०३/ २९<br>१६९ | माओवादी ज्यादती सम्बन्धमा | तामेली | |
| १३ | मोरङ जिल्ला हसन्द गा.वि.स वडा न १ हाल मोरङ जिल्ला पथरी शनिश्चरे नगरपालिका वढा न. ५ निवासी प्रमोद कुमार निरौलाको परिवारको नाउँमा रहेको घर सहित जग्गा मिति २०६४ साल मशिर ३ गते नेपाल कम्युनिष्ठ पाटी माओवादीका कार्याकर्ताले पाटीको झण्डा ब्यानर लगाई घरजग्गा कब्जा गरी परिवारलाई घर खाली गर्न | २०६४/०८/ ०३ | सम्पति कब्जा | तामेली | |

का.मु. सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | लगाई घरमा तालाबन्दी गर्न लगाएकोले भन्ने समेत व्यहोराको उजुरी । | | | | |

का. मु. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org